# जलवायु परीवर्तन अनुकूलन कार्यक्रमहरुको सुसाशनमा जोड ।

कास्की जिल्लामा सन्चालीत जलवायु परीवर्तन अनुकुलन परीयोजनाहरुको अवस्था, आर्थीक पारदर्शीता, जवाफदेहीता र योजना निर्माण तथा कार्यान्वयन प्रकृयामा लक्षीत बर्गको सहभागीता विषयक वृहत सार्बजनिक छलफल कार्यक्रम पौष २० गते आईतबार पोखरामा सम्पन्न भएको छ । अक्सफाम, स्वच्छ उर्जा नेपाल र आइसेट नेपालको संयुक्त आयोजनामा भएको छलफलमा जिल्लाका सरोकारवाला निकायहरु र समुदायका प्रतिनिधीहरुसमेत गरी ६० भन्दा वढिको सहभागीता रहेको थियो ।

छलफलमा हरियोवन कार्यक्रमका लेखनाथ अधिकारी र इ.बि.ए. कार्यक्रमका ज्ञानेन्द्र सुबेदीले परीयोजनाहरुले जिल्लामा अनुकुलन योजनाहरु निर्माण गरी बिभिन्न गतिविधीहरु कार्यान्वयन गरीरहेको र समुदायहरुलाई सचेतिकरणमा विषेश जोड दिएको जानकारी गराउनुभएको थियो । तर कार्यक्रमका सहभागिहरुले भने उल्लेखित परीयोजनाहरु सिमित गा.बि.स. हरुमा संचालनमा रहेकाले धेरै समुदायहरु अझै यस विषयमा अनभिज्ञ र असरको जोखिममा रहेको कुरा बताएका थिए । कार्यक्रम संचालन भएका स्थानहरुमा पनि कार्य बोझ र सिमित अवसरका कारण महिला तथा बिपन्न समुदायहरुको अनुकुलन योजना निर्माण र कार्यान्वयन प्रकृयाहरुमा पुर्ण सहभागिता नरहेको कुरा समुदायका प्रतिनिधिहरुले बताएका थीए ।

कार्यक्रमका अर्का बक्ता जि.बि.स. कास्कीका सामाजिक विकाष अधिकृत अर्जुन नौपानेका अनुसार जलवायु परिवर्तन अनुकुलनका ठुला परियोजनाहरुले आफनो कार्यक्षेत्र र कार्यबिधिहरु केन्द्रीय स्तरमै निर्णय गरेर आउने हुनाले कार्यक्रममा दोहोरोपना, स्थानिय आवस्यकताहरु संबोधन नहुने र निर्णय प्रकृयामा स्थानिय निकायको भुमिका कम हुने गरेको बताउनुभयो ।

सहभाहिरुले जलवायु परिवर्तन अनुकूलन परियोजनाको ८० प्रतिसत बजेट कार्यान्वयन तहमा पुग्ने नितीगत प्राबधान पुर्ण कार्यान्वयन नभएकाले थप नितीगत व्यवस्थाको आवस्यकता औल्याएका थिए । उक्त बिषयमा कास्की क्षेत्र नं २ की माननिय सभासद शारदा पौडेलले यस विषयलाई सदन र रास्ट्रिय स्तरमा उठाउने जानकारी गराउनुभएको थियो ।

परियोजनाहरुले बजेटको ठुलो हिस्सा अनुकुलन योजनाका खाकाहरु निर्माण र राष्ट्रिय स्तरका नितीगत कार्यक्रमहरुमा खर्चगर्ने भएकाले समुदायमा जाने रकम कम हुनेगरेको धारणा अक्स्फामका दिपेश चापागाईंले व्यक्त गर्नुभएको थियो । साथै जिल्लामा छरपस्ट रुपमा बनेका भिन्न भिन्न प्रकारका अनुकुलन योजनाहरु लाई एकत्रित गरी कार्यान्वयन गनुपर्ने सुझाब प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका आयोजक स्वच्छ उर्जा नेपालका पल्लव रेग्मीले यस्ता छलफलहरुले जिल्ला तथा समुदायहरुमा जलवायु परिवर्तन अनुकूलन परियोजनाहरुको सुसाशन तथा आर्थीक पक्षहरुलाई थप सुद्रीढ बनाउन मदत गर्ने भएकाले यसलाई निरन्तरता दिने धारणा व्यक्त गर्नुभयो ।

छलफल बाट जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरुले समुदाय स्तरीय क्रियाकलापहरुलाइ वढी भन्दा वढि रकम प्रभावकारी ढंगले पुऱ्याउनुपर्ने र परियोजनाहरुले स्थानिय सरोकारवाला तथा लावान्भित समुदायको सहभागिता सुनिस्चित गर्दै आर्थिक पारदर्शितामा समेत जोड दिनुपर्ने निस्कर्ष निकालिएको थियो ।

Clean Energy Nepal

40781, Devkota Sadak, Mid Baneshwor,
Kathmandu, Nepal
POB No: 24581
www.cen.org.np
Ph: (O) +977 1 4464981, +977 1 6915649